समृद्ध नेपालको शान, अधिकार सम्पन्न किसान



# किसान सन्देश बुलेटिन

चौमासिक

वर्ष : २ अंक : ३ २०७६ श्रावण - २०७६ कार्तिक July 2019 - Nov. 2019

## सम्पादकीय

### किसानको अपेक्षामा आयोग

विश्वको भरण, पोषणमा अथक परिश्रम एवं उत्पादनशील आयुको पर्याप्त सदुपयोग गर्ने वर्ग र राष्ट्रिय कृषि पेशामा औसत संलग्न जनसंख्या ६५.६% तथा राष्ट्रिय आयमा २७% योगदान पुऱ्याइरहेको समुदाय किसान हो । कृषि उत्पादनको क्षेत्रमा निरन्तर भूमिका निर्वाहको माध्यमले क्रियाशील समाज, जो किसानको परिचयमा समाहित हुन अवसरको खोजीमा रहेको समुह हो, यस राष्ट्रिय किसान आयोगको आधार स्तम्भ र मार्गदर्शक लगायत राष्ट्रलाई रोजगारीको अवसर श्रृजना गरिरहेको क्षेत्रमा संलग्न जनमानस किसान भनी परिचित छ। योगदानको आधारमा सम्मानको खाँचो कृषि पेशासँग सम्बद्ध किसान, संघ, संगठन एवं विद्वानहरुबाट महसूस गरिएको विषय हो। किसानका मुद्दाहरु अझै पनि सम्बोधन गराउन सकिएको छैन । यसको लागि राष्ट्रिय किसान आयोगलाई चौतर्फी सहयोगको खाँचो छ। नेपाली किसान आन्दोलनसँग सम्बद्ध विभिन्न कृषक संघ, संगठन, संजालहरु तथा विषय विज्ञहरु यस आयोगमा सूचिकृत भइरहेका छन् । सम्बद्ध किसान संघ, संगठन, संजालहरु लगायत विज्ञहरु नै यस आयोगको माध्यम भएकोले सम्बन्धितबाट सहयोगको अपरिहार्यता भएको छ साथै अर्को तर्फ केन्द्रीकृत संरचनामा काम गरिरहेका हाम्रो देशको प्रशासन संयन्त्रको यस आयोग प्रति हेर्ने दृष्टिकोणमा समेत सुधार आउनु पर्ने महशुस भएको छ । किसानका आम मुद्दाहरु सम्बोधन गराउन सरकारी स्तरबाट भएको प्रयासले समग्र किसानको हक अधिकार स्थापित गराउन सफल हुने विश्वास आयोगको रहेको छ। किसानको नाम पाएको वर्ग विशेष, देशको नागरिकको मर्यादा क्रममा स्थापित हुन जुरमुराइरहेको परिवर्तनको संवाहक, विकासको प्रेरणा स्रोत, नेपाल सरकारको वि. सं. २०७३ साल माघ ६ गतेको निर्णय अनुसार, राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ बमोजिम गठित आयोगका माध्यमबाट उपलब्ध अति न्यून साधन स्रोतको सीमितता हुँदा हुँदै बदलिंदो तीन तहको सरकारको स्वरुप अनुकूल यथार्थ धरातलमा रहेका उत्पादन र उत्पादकत्वका मुद्दा एवं बाधा अवरोध पहिचानमा क्रियाशील हुने कार्यमा जुटिरहेको र किसानको उत्साह बढाउन तल्लीन देखिन्छ ।

परिवर्तित सन्दर्भमा नयाँ संगठन संरचना अनुसार विकासमा आबद्ध निकायहरुको कार्यक्षेत्र सेवा प्रवाहका दृष्टिकोणले व्यापक रहेको तथा स्रोतसाधन र जनशक्ति ब्यवस्थापन कार्यक्षेत्र मुताविक सुहाउँदो नभएको, सेवाको अनुभूति दिन सक्ने अवस्थाको अभाव खड्किएको, सहकारीको सेवाबाट आम किसान बन्चित रहेको सर्ब विदितै छ। किसानहरु निजी बल पहुँचका भरमा मात्र आ-आफ्नो उद्यममा सरिक रहेका सरकारहरूको तर्फबाट, सामान्य सेवा सुबिधा पनि आम सर्वसाधारण कृषक माझ योजनावद्ध तौरले पुगेको अवस्था छैन। अनुदान सेवा प्रवाहका सन्दर्भमा राजनीतिक संरक्षण, पहुँच, भनसुन नै मुख्य माध्यम बनेको पाइन्छ। आम सेवाग्राहीमा प्रोत्साहनको प्रत्याभूति नभएको प्रति स्थानीय, प्रदेश र संघीय सरकारबाट गम्भीर ध्यानाकर्षणका साथै पारदर्शी, उत्प्रेरक, उत्पादनमा आधारित सहुलियत ऋण, अनुदान सेवा प्रवाह अनिवार्य हुनु पर्ने आवश्यकता रहेको व्यहोरा, यस आयोगको प्रथम चौमासिक अवधिमा संचालित कार्यक्रमका सहभागी किसान, संघ, संगठन संजाल लगायत विज्ञहरुबाट परिवर्तनको अनुभूति किसानलाई हुने गरी सेवा प्रवाह व्यवस्थापनको अपेक्षा रहेको छ।

## राष्ट्रिय किसान आयोगको परिचय

कृषि र किसान धर्तीका आभूषण रहेको भन्दा अतिशयोक्ति नहोला। परिवर्तित नेपालको सन्दर्भमा यथार्थ धरातललाई सुदृढ बनाउँदै लैजानु पर्ने, उत्पादनका साथै उत्पादकत्व समेत वृद्धि गर्न अपरिहार्य रहेको र देशको अर्थतन्त्रको मेरुदण्ड मानिँदै आएको कृषि क्षेत्रमा आमूल परिवर्तन गर्न सम्बद्ध सरोकारवालाहरूलाई अझ उत्प्रेरित गरी प्रोत्साहित तुल्याउन कृषि र किसान दुबैको तारतम्य मिलाई व्यवसायिकरण, विविधिकरण लगायत यान्त्रीकरणलाई अवलम्बन गर्न, विद्यमान अवस्था प्रवर्द्धनका लागि आवश्यक नीति, ऐन, नियम कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान एवं प्रसारलाई किसानमैत्री बनाई किसानहरुको हकहित, अधिकारको रक्षा गर्दै, कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन बान्छनीय भएको तथ्यलाई हृदयमंग गरी कृषि विकास रणनीति (२०१५-२०३५) ले परिलक्षित गरे बमोजिमका उद्देश्य हासिल गर्न नेपाल सरकारबाट जारी भएको राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार गठित आयोग नै राष्ट्रिय किसान आयोग हो । राष्ट्रिय किसान आयोग ललितपुर, हरिहरभवनमा रहेको छ।

## यस भित्र

- आयोगको दुरदृष्टि, लक्ष्य, ध्येय ...... २
- आयोगको काम, कर्तव्य र अधिकार ...... २
- आयोगको जनशक्ति विवरण ...... २
- प्रथम चौमासिकमा सम्पन्न कार्यक्रमका विवरणहरू ...... ३
- कृषिबाली सम्बन्धी, पशुपन्छी व्यवसाय ...... ६
- देशका किसान ...... ७
- कृषि क्षेत्र र जलवायु परिवर्तन ...... ८

## आयोगको दूरदृष्टि

आम किसानको हकहित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै विकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने ।

## आयोगको लक्ष्य

किसान अधिकार मैत्री वातावरण निर्माण मार्फत सबै किसानले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

## आयोगको ध्येय

विश्वव्यापी रुपमा आत्मसात् गरिएका किसान अधिकारका सिद्धान्त, मूल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार सम्बर्द्धन र प्रवर्द्धन गर्ने संस्थाको रुपमा आयोग रहने छ।

## आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ मा उल्लेख भए बमोजिम आयोगलाई देहायका काम कर्तव्य र अधिकारहरु तोकिएको छ।

क) कृषि विकास रणनीतिको सफल कार्यान्वयन गर्नको लागि कृषि विकास मन्त्रालय लगायत कृषि क्षेत्रसँग सम्बन्धित निकायहरु समक्ष समय सापेक्ष सुधारका सम्बन्धमा नेपाल सरकारलाई राय सुझाव दिने ।

ख) किसानहरुको हकहितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना (Farmer welfare scheme) तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

ग) नेपाल सरकारले जारी गरेका विद्यमान नीति, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (Policy gap) को सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने ।

घ) किसान हकहित, अधिकार एंवम किसानहरुको राज्य प्रतिको कर्तब्य र दायित्वका लागि नयाँ नीति, ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

ङ) किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

च) कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत साधनमा किसानहरुको पँहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

छ) विभिन्न बाली वस्तुहरुको बजार सरलीकरण, गुणस्तर तथा लागत प्रतिष्पर्धात्मकता अभिवृद्धि र मूल्य अभिवृद्धिको आधारमा किसानले उचित मूल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

ज) वस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान संजाल एवं संगठनहरुको क्षमता अभिवृद्धि गरी किसानहरुको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरु सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

झ) किसानहरुको परम्परागत ज्ञान सीप प्रविधि, रैथाने बाली र पशु नश्ल तथा किसानहरुले विकास गरेका बाली र पशु नश्लमा उनीहरुको पहुँच र प्रयोग बढाउन तथा त्यसमा किसानहरुको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

ञ) कृषि पेशालाई आकर्षित बनाउन अवलम्बन गर्नु पर्ने किसान अधिकार सम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।

ट) संविधानले व्यवस्था गरेका किसानहरुका हकहित र अधिकारहरु कार्यान्वियन भए नभएको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने ।

ठ) किसान संघ संगठनहरु (समूह, सहकारी, गै.स.स.बाहेक)लाई दर्ता गरी नियमन गर्ने ।

ड) सरकारी तथा गैर सरकारी एंव निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरुबाट किसानहरुको अधिकार हनन् भएमा सम्बन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिस गर्ने ।

ढ) नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने ।

## आयोगका पदाधिकारीहरु

आयोगमा निम्नानुसारका पदाधिकारीहरु रहनु भएको छ।

अध्यक्ष मा. चित्र बहादुर श्रेष्ठ

सदस्य श्री भानुभक्त सिग्देल

सदस्य श्री उदय चन्द्र ठाकुर

सदस्य श्री मीना तामाङ

सदस्य श्री बसन्ती घिमिरे

सदस्य श्री रबिन्द्र के सी


## जनशक्ति विवरण

दरवन्दी र पदपूर्ति तपसिल बमोजिम रहेको छ।

| क्र.सं. | पद | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|---|
| १. | सदस्य-सचिव | १ | १ | |
| २. | वरिष्ठ कृषि अर्थ विज्ञ | १ | १ | |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | १ | १ | |
| ४. | शाखा अधिकृत | १ | १ | |
| ५. | लेखा अधिकृत | १ | ० | १ |
| ६. | कृषि प्रसार अधिकृत | १ | ० | १ |
| ७. | कृषि अर्थ विज्ञ | १ | ० | १ |
| ८. | पशु विकास अधिकृत | १ | ० | १ |
| ९. | प्राविधिक सहायक | ४ | १ | ३ |
| १० | कम्प्यूटर अपरेटर | ५ | ५ | |
| ११ | नायब सुब्बा | १ | १ | |
| १२ | लेखापाल | १ | ० | १ |
| १३ | सवारी चालक | ७ | ६ | १ |
| १४ | कार्यालय सहयोगी | ५ | ५ | |
| | जम्मा | ३१ | २२ | ९ |

# आ.व.२०७६/७७ को प्रथम चौमासिकमा सम्पन्न कार्यक्रमका विवरणहरु

आर्थिक वर्ष २०७६/७७ को प्रथम चौमासिक अवधिमा ४ वटा बैठक तथा अन्तरक्रिया आयोगको सभाहलमा, २ वटा स्थानीयस्तर किसान, संघ, संगठन संजालहरुको सहभागितामा अभिमुखीकरण कार्यक्रम बगनासकाली गाउँपालिका, पाल्पा र बेलका, नगरपालिका, उदयपुरमा, ४ वटा जिल्लास्तर किसान, संघ, संगठन संजालहरुको सहभागितामा अभिमुखीकरण कार्यक्रम नवलपुर, जाजरकोट, नुवाकोट र सप्तरीमा तथा प्रदेशस्तर किसानसंघ, संगठन, संजालहरुको सहभागितामा सुदुरपश्चिम प्रदेश (७), धनगढीमा र प्रदेश १, तरहरा, सुनसरीमा अभिमुखीकरण कार्यक्रमहरु सम्पन्न भएका छन् । सम्पन्न कार्यक्रमका निष्कर्ष एवं सार संक्षेप निम्न अनुसार रहेका छन् । बैठक तथा अन्तरक्रिया कार्यक्रमहरु आयोगका अध्यक्ष माननीय चित्र बहादुर श्रेष्ठज्यूको अध्यक्षतामा संचालित भएका थिए ।



*(२०७६/४/८ राष्ट्रिय किसान आयोगको सभाहलमा किसान संघ, संगठन, संजालहरुसँग बैठक तथा अन्तरक्रिया)*

कार्यक्रममा खण्डित भूमिको व्यवस्थापननै प्रमुख मुद्दा रहेकोमा उत्पादन र उत्पादकत्व न्यून हुनु स्वभाविक हो, भनी सहभागीहरुबाट व्यक्त गरिएको थियो । नेपाल सरकारबाट पहिलो प्राथमिकतामा राखी भूमि व्यवस्थापनका साथै कार्यान्वयन गर्नुपर्ने ।



*(राष्ट्रिय किसान आयोगको सभाहलमा विज्ञहरुसंग २०७६/४/९ गते बैठक तथा अन्तरक्रिया)*

भू-उपयोग भौगोलिक बाली विशिष्टीकरणका आधारमा गुणस्तरिय र ठूलो परिमाणमा व्यवसायिक खेतीमा आधारित उत्पादन वृद्धिका लागि तीनै तहको सरकारबाट सहयोग दिने तथा लगानी बढाउनु पर्ने ।



*(राष्ट्रिय किसान आयोगको सभाहलमा विज्ञहरुसँग २०७६/५/१२ गते बैठक तथा अन्तरक्रिया)*

दूधको गुणस्तरमा ह्रास भएकोले घाँसमा आधारित उत्पादन अपनाउनेलाई प्रोत्साहन दिने र फ्याट एवम् एस. एन. एफ. मात्रको आधारमा मात्र नभै गुणस्तरको पूर्ण स्वरूपको मापदण्ड अपनाउनु पर्ने, यसका लागि तीनै तहका सरकारबाट सहयोग गर्ने र कार्यान्वयनको अनुगमन गर्ने ।



*(२०७६/५/१३ गते राष्ट्रिय किसान आयोगको सभाहलमा किसान संघ, संगठन, संजालहरुसँग बैठक तथा अन्तरक्रिया)*

यस आयोगद्वारा मिति २०७६/५/१३ गते सरोकारवालाहरुको सहभागितामा संचालित बैठक तथा अन्तरक्रिया कार्यक्रममा प्रस्तुत दुग्ध सहकारी र दुग्ध उद्योगका कार्यपत्र एवं उपस्थित सहभागीहरुबाट उपलब्ध सुझावहरु निम्नानुसार रहेका छन् ।

**प्रस्तुतिबाट,**

- दूधको मूल्य एस. एन. एफ. र फ्याटको आधारले भइ रहेकोमा अब आइन्दा त्यसका साथै गुणस्तर मापदण्डका आधारहरुलाई समेट्नुपर्ने ।
- दूधको उत्पादन लागत घटाउन अपनाउनु पर्ने प्राविधिक ज्ञान सम्बन्धमा व्यापक प्रचार प्रसार सरोकारवाला माफ पुऱ्याउने ।
- पान नम्बर सबैलाई अनिवार्य गरिएको भएता पनि ग्रामीण, दुर्गम वस्तिमा रहेका सोझा साझा कृषकहरुलाई त्यसबाट फाइदा पुग्न नसक्ने हुँदा, सरकारबाट घरदैलोमा पुगी वितरण गर्नु पर्ने ।
- भी.सी.टी.एस.(Vehicle Consignment Tracking System) सम्बन्धमा छिटो बिग्रिने दूध, दुग्धपदार्थ, तरकारी, फलफूल जस्ता अन्य उत्पादनमा लागु गर्न उपयुक्त नहुने ।

**सहभागीहरुबाट,**

- विगत दशकौं देखि विद्यमान कृषकका समस्याहरु प्रति राज्यको उपेक्षा र पूर्ण सेवाको आंशिक पहुँचले लक्षित वर्गहरुमा आफ्नो पेशा व्यवसाय प्रति विकर्षण हुन लागेको र सधैं यस्तै अवस्था रही राखेमा कृषि र पशुपालनबाट पलायन हुने खतरा समेत रहेकोले आयोग मार्फत राज्यबाट उपलब्ध हुने सेवा सूचारुको लागि थप पहल गर्नुपर्ने ।
- यथार्थ तथ्याङ्कको अभाव रहेकोले विद्यमान व्यवसाय तथा उत्पादनको स्थितिमा अन्योलता उत्पन्न भई अन्तरक्रिया र बैठकबाट कृषकले अनुभूति गर्ने गरी कार्यरुपमा देखिनु पर्ने एवं व्यवसायलाई पर्यटनसँग जोडेर लक्षित वर्गमा पुऱ्याउनु पर्ने ।
- किसानबाट राज्य विरुद्ध हुन सक्ने विद्रोहको खतरा बढ्दै गएको, लागत घटाउनका लागि सामुदायिक वनसँग समन्वयात्मक रुपमा

समेटेर जानुपर्ने र कृषक, व्यवसायी (सहकारी) र उद्योगको बीचमा नाफाको पारस्परिक वितरण हुनुपर्ने ।

- किसानलाई के दिइयो, कति उत्पादन बढ्यो वा बढेन, अनुदान प्रवाह उत्पादनको आधारमा दिने र यस सम्बन्धमा आयोगको धारणा, स्पष्ट रुपमा आउनुपर्ने ।
- आयोगको चाहना, समस्याको समाधान कुन तहबाट हुने, सम्पूर्ण कृषि उपजको बजारमूल्य तोकिनु पर्ने ।
- थारा, बहर, अनुत्पादक गाईवस्तु, मल, मुत्र आदिको स्थायी व्यवस्थापन र प्रयोगशाला सहितको भेटेरिनरी अस्पताल अनिवार्य रुपमा स्थापना गर्नुका साथै किसानको जोखिम सम्बोधन गर्नुपर्ने ।
- पान नं. को दिगो समाधान गर्ने, दूध बिक्रीमा राज्यबाट स्थायित्व कायम गर्ने, संकलनको क्षेत्र विस्तार गरी निर्वाहमुखी नभै रोजगारमुखी व्यवसायको रुपमा स्थापित गर्नुपर्ने ।
- बजारको समग्र अध्ययन गर्न, प्राथमिकतामा राखी अग्रसरता लिई सम्पादन गर्नुपर्ने ।
- किसानलाई उचित मूल्य उपलब्ध हुने, एक वडा एक प्राविधिकको व्यवस्थापन, आहारा र दूधको मूल्यको अनुपात विश्लेषण गरी, छाडा बस्तु व्यवस्थापन, साना किसानको सेवा सुबिधा यथार्थ धरातलमा टेकेर नीतिगत व्यवस्थापनका साथै बाच्छा-बाच्छी हुर्काउन अनुदानको विशेष कार्यक्रम ल्याई आम किसान लगायत आउने पुस्तालाई आकर्षित पार्नेगरी राज्यबाट व्यवस्थापन हुनुपर्ने ।
- आयोग रहेको अनुभति हुने गरी, कार्यकारी आयोगलाई संवैधानिक कायम गर्ने, अनुदान प्रवाह वैज्ञानिक रुपमा लागु गर्नुपर्ने ।
- हिमाल, पहाड र तराई समेतमा लागत मूल्यको अध्ययन विश्लेषण गरी उत्पादनलाई औद्योगिक रुपमा व्यवस्थापन गर्ने, उत्पादन र उद्योग, शहर/सुविधा जनक स्थान विशेषमा केन्द्रित नभै तराईदेखि पहाड, हिमाल सबै क्षेत्रमा लैजानुपर्ने ।
- उत्पादन वृद्धिका लागि थारो गाई, बाँझो जग्गा भाडामा लिई उत्पादनका लागि घाँस खेतीलाई व्यापक बनाउने र प्राथमिकता तोकि २ वा ३ वटा प्रमुख उत्पादनमा जोड दिने, घाँस खेती मात्र गर्नेलाई मुख्य पेशाको रुपमा गर्न प्रोत्साहन दिन अनुदान दिने ।
- दुग्ध क्षेत्रमा राज्यबाट थप लगानी विस्तार गरी संकलनको दायरा विस्तार गर्ने, सातै प्रदेशमा धुलो दूध कारखाना तथा ७५३ वटै स्थानीय तहमा संकलन केन्द्र स्थापना गर्ने ।
- दुग्ध विकास बोर्ड र दुग्ध विकास संस्थानसँग आयोगले समन्वय गरी दुग्ध अभाव र बिक्री समस्याको ठोस समाधान निकाल्ने ।
- मूल्य बढ्दा कसले कति पाउने विषयमा स्पष्ट रुपमा यकीन वैज्ञानिक अनुपात तोक्ने ।
- बहुआयामिक भैंसी पालनमा जोड दिंदै पाडा, पाडी हुर्काउने र प्रजनन् केन्द्र व्यवस्थापन गरी सुलभ सेवाका लागि अनुदान सहयोग उपलब्ध गराउने ।
- सीमानामा पशु हाटबजार व्यवस्थापन गरी अनुत्पादक वस्तु निकासीमा नीति बनाई कार्यान्वयन गर्ने ।
- पशुपालन र वन मैत्री नीति आवश्यक रहेकोले आयोगबाट पहल गरी निष्कर्ष निकाल्ने ।
- मेला, प्रदर्शनी, विज्ञापन आदिको माध्यमबाट दुग्ध उपभोग प्रवर्द्धनमा जोड दिने ।
- दुग्ध विकास संस्थान र दुग्ध विकास बोर्डमा आमुल परिवर्तन आवश्यक रहेकोले किसानहरुलाई सम्मान बढ्ने गरी अनुगमन समन्वयमा जोड दिने ।
- व्यावसायिकरण, यान्त्रीकरण, औद्योगीकरणमा लाग्ने र घाटाको व्यवसाय हुन लागेको कृषिलाई जिवित राख्न उत्पादनमा आधारित अनुदान सेवा कार्यक्रम लागु गर्न जोड दिने ।
- देशमा दूध उत्पादन प्रायः दानामा आधारित रहेकोले प्रोत्साहन स्वरूप दानाको मूल्यमा अनुदान दिने र नश्ल सुधारको लागि नेपालको लागि उपयुक्त जातको पहिचान गरी सरकारबाट श्रोत केन्द्र स्थापनामा जोड दिने र छाडा, तथा अनुत्पादक वस्तु व्यवस्थापनमा सहयोग गर्ने । दूधको मूल्य वृद्धि गर्दा किसान, सहकारी, उद्योगी कसले के कति पाउने हो, सोको यकिन हुनुपर्ने ।

## स्थानीयस्तर अभिमुखीकरण कार्यक्रमहरू

स्थानीयस्तर किसान संघ, संगठन, संजालहरु माफ श्री बगनासकाली, गाउँपालिका, पाल्पाको सभाहलमा २०७६/४/२७ र २८ मा संचालित अभिमुखीकरण कार्यक्रम क्रमशः आयोगका सदस्य द्वय श्री बसन्ती घिमिरे र श्री रबिन्द्र केसी को अध्यक्षतामा संचालन भएको थियो। उक्त कार्यक्रममा महिला १३ र पुरुष ४७ गरी जम्मा ६० सहभागिता संख्या रहेको थियो। यस आयोगबाट आ.व. २०७५/०७६ मा तयार पारिएको कृषि तथा पशुपन्छी विकासका नमुना कार्यक्रमहरु कार्यान्वयनका लागि हस्तान्तरण समेत गरिएको थियो । सहभागीहरुबाट, सेवा सुविधा नियमित सुचारु हुन नसकेको, तीनै तहका सरकारका बीचमा समन्वय अभाव रहेकोले कृषि व्यवसाय प्रति सेवाग्राहीको उत्साह घटेको भनी अनुभूति व्यक्त गरिएको थियो ।



२०७६/४/२७/२८ गते आयोगका सदस्य श्री मीना तामाङ्गको अध्यक्षतामा संचालित, स्थानीयस्तर अभिमुखीकरण कार्यक्रम, किसान संघ, संगठन, संजालहरु माफ श्री बेलका नगरपालिका, उदयपुरमा महिला १४ र पुरुष ३५ गरी जम्मा ४९ जनाको सहभागितामा सम्पन्न भएको थियो । यस आयोगबाट आ.व. २०७५/०७६ मा तयार पारिएको कृषि तथा पशुपन्छी विकासका नमुना कार्यक्रमहरु कार्यान्वयनका लागि हस्तानतरण समेत गरिएको थियो । सहभागीहरुबाट अनुदानको सदुपयोग

हुन नसकेको, कृषि ऋण र बीमामा कृषकहरुको सहज पहुँच हुन नसकेको, मल तथा बीउबिजनको उपलब्धता सुनिश्चित नभएकोमा आयोगबाट व्यवस्थापनमा जोड दिनुपर्ने भनाई राख्नु भएको थियो ।



## जिल्लास्तर अभिमुखीकरण कार्यक्रमहरु



२०७६/५/२० र २१ गते नुवाकोट जिल्लाका जेष्ठ नागरिक किसान फत्त प्रसाद मैनालीज्यूको अध्यक्षतामा जिल्लास्तर किसान संघ, संगठन, संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएको थियो । संघ, प्रदेश तथा स्थानीय तहका लागि नमुना कृषि तथा पशुपन्छीपालन सम्बन्धी नमुना कार्यक्रमको २ प्रति जिल्ला समन्वय समितिका प्रमुखज्यूलाई हस्तान्तरण गरिएको थियो । ५५ जनाको सहभागिता मध्ये १३ जना महिला र ३९ जना पुरुष रहनुभएको थियो । नुवाकोट जिल्लाका किसान संघ, संगठन, संस्थाहरुको प्रतिनिधिहरुले अनुदानको सदुपयोग हुन नसकेको, कृषि ऋण र बीमामा कृषकहरुको सहज पहुँच हुन नसकेको, मल तथा बीउबिजनको अभाव र समय सापेक्ष तालिमको अभाव र कृषि कार्यक्रम संचालनमा स्पष्टता नभएको भनी विचार व्यक्त गर्नु भएको थियो ।



२०७६/५/२३ र २४ मा सप्तरी जिल्लास्थित किसान संघ, संगठन, संस्थाहरुको प्रतिनिधिहरु लगायत जिल्ला समन्वय समिति, राजबिराज नगरपालिका, कृषि ज्ञान केन्द्र तथा पशु प्रजनन् केन्द्र लाहानको प्रमुखज्यूहरु माझ राष्ट्रिय किसान आयोगका सदस्य श्री मिना तामाङ्गले अध्यक्षता गर्नु



भएको थियो । उक्त कार्यक्रममा आयोगबाट आ.व. २०७५/०७६ मा तयार पारिएको कृषि तथा पशुपन्छी विकासका नमुना कार्यक्रमहरु कार्यान्वयनका लागि हस्तानतरण समेत गरिएको थियो । २६ महिला र ४९ पुरुष सहभागी कर्यक्रममा किसान संघ, संगठन, संजालहरुक प्रतिनिधिहरुले कृषि क्षेत्रमा चुरे विनाश नरोकिएको, अनुदानको सदुपयोग हुन नसकेको, कृषि ऋण र बीमामा कृषकहरुको सहज पहुँच हुन नसकेको, मल तथा बीउबिजनको अभाव, समय सापेक्ष तालिमको अभाव र कृषि कार्यक्रम संचालनमा संघ, प्रदेश र स्थानीय निकायहरुको अधिकारक्षेत्र स्पष्ट नभएको व्यहोरा व्यक्त गर्नु भएको थियो ।

नवलपुर, कावासोतीमा २०७६/५/२० र २१ गते किसान, संघ, संगठन, संजालहरु माझ जिल्लास्तर अभिमुखीकरण कार्यक्रम आयोगका सदस्य श्री बसन्ती घिमिरेको अध्यक्षतामा सम्पन्न भएको र उक्त कार्यक्रममा महिला र पुरुष क्रमशः २४ र ४१ गरी जम्मा ६५ जनाको उपस्थिति रहेको थियो । यस आयोगबाट आ.व. २०७५/०७६ मा तयार पारिएको कृषि तथा पशुपन्छी विकासका नमुना कार्यक्रमहरु कार्यान्वयनका लागि हस्तान्तरण समेत गरिएको थियो । किसानको लागि परिवर्तनको खासै अर्थ नरहेको, साविकमा उपलब्ध सेवा पनि अवरुद्ध भएको, आयोगले कार्यक्रम गरेर किसानलाई थोरै भए पनि जानकारीका साथै प्रोत्साहन प्राप्त भएको भनी सहभागीहरुको भनाई रहेको थियो ।



*(२०७६/५/२३ र २४ जिल्लास्तर किसान संघ, संगठन, संजालहरुसँग अभिमुखिकरण कार्यक्रम खलङ्गा, जाजरकोट)*

राष्ट्रिय किसान आयोगका सदस्य श्री रबिन्द्र केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उत्साहबर्द्धक सहभागितामा १६ जना महिला र ४८ जना पुरुष गरी जम्मा ६४ जना सम्मिलित कार्यक्रममा जिल्ला समन्वय समितिका साथै भेरी नगरपालिकाको सक्रिय योगदान रहेको थियो । यस आयोगबाट आ.व. २०७५/०७६ मा तयार पारिएको कृषि तथा पशुपन्छी विकासका नमुना कार्यक्रमहरु कार्यान्वयनका लागि हस्तान्तरण समेत गरिएको थियो । आयोगको संबैधानिक स्वरुपको अपेक्षा सहभागीहरुले व्यक्त गर्नु भएको थियो भने किसानहरुलाई यथेष्ठ समयमा उत्पादन सामग्रीको उपलब्धता सुनिश्चित बनाउनु पर्नेमा विशेष जोड थियो ।

## कृषिबाली सम्बन्धी

| क्र.सं. | विद्यमान अवस्था | सुझाव |
|---|---|---|
| १ | माटो परिक्षण सम्बन्धी चेतनाको कमी | माटो परिक्षणको लागि नेपाल सरकारले भौगोलिक अवस्थाको पहिचान गरी कृषि व्यवसाय संचालनको लागि क्षेत्र निर्धारण गर्नुपर्ने |
| २ | कृषि व्यवसायी सम्बन्धी तालिम नहुनु | चेतनामूलक निशुल्क तालिम प्रत्येक कृषक समूहमा कृषकलाई अनिवार्य गर्नुपर्ने |
| ३ | भौगोलिक पहिचान नहुनु | भौगोलिक सुहाउँदो उत्पादन सहज गर्न र बाली बीमाको अनिवार्य व्यवस्था गर्ने |
| ४ | सरकारी योजनाहरु एकीकृत रुपमा संचालन नहुनु | योजनाहरु एकीकृत रुपमा संचालन, जडिबुटि सम्बन्धी, सम्बन्धित निकाय र व्यक्तिलाई तालिम दिनुपर्ने |
| ५ | रासायनिक मलको अत्याधिक प्रयोग हुनु | कम्पोष्ट मल, गोठेमल अनिवार्य प्रयोग गर्नुपर्ने |
| ६ | आधुनिक कृषि औजारमा कृषकहरुको पहुँचको कमी | कृषि औजार खरिदमा ७५% छुट हुनु पर्नेपर्ने |
| ७ | बजार व्यवस्थापनको कमी | बजारको सुनिश्चितता र प्रचार प्रसार गर्नुपर्ने |
| ८ | यातायात सिंचाई आदिको कमी | उत्पादन सिंचाई र यातायातको अनिवार्य व्यवस्था गर्नुपर्ने |
| ९ | सम्बन्धित विषय बारे प्राविधिक ज्ञानको कमी | उत्पादित वस्तुलाई जिल्लाका विभिन्न स्थानमा प्रशोधन भण्डारणको प्रविधिको व्यवस्था गर्नुपर्ने |
| १० | कृषि व्यवसाय सम्मानित नहुनु | राज्यबाट व्यवसायको आकर्षण बढाउने |
| ११ | कृषिमा राज्यले छुट्टयाएको बजेट वास्तविक कृषकसँग नपुग्नु | राज्यबाट पारदर्शिता व्यवस्थापन र सेवाको अनुभूति दिनुपर्ने |
| १२ | बहुमुल्य जडीबुटि पहिचान नहुनु | राज्यबाट व्यवस्थापन हुनुपर्ने |
| १३ | मल बीउ बिषादीको उपयुक्त प्रयोग नहुनु | राज्यबाट आपूर्ति र उपयोग व्यवस्थापन हुनुपर्ने |
| १४ | कोल्ड स्टोरको समस्या | उत्पादन भण्डारणको लागि राज्यबाट सम्बोधन हुनुपर्ने |
| १५ | प्रशोधनको समस्या | उत्पादन विविधिकरणको लागि कार्यक्रममा सहयोग दिने |
| १६ | रोग कीराको समस्या समाधान नहुनु | दिगो समाधानको नीति बनाई कार्यान्वयन गर्नुपर्ने |
| १७ | कृषि जन्य वस्तुको मूल्य निधारण नहुनु | नियमित मूल्य निर्धारण र खरिद बिक्रीको व्यवस्था मिलाउने |
| १८ | बीउविजन नपाईनु | आवश्यक बीउविजनको समयमै उपलब्धता सुनिश्चित गर्ने |

## पशुपन्छी व्यवसाय


| क्र.सं. | विद्यमान अवस्था | सुझाव |
|---|---|---|
| १ | उन्नत जातका पशुपन्छीको पहिचान गर्न नसक्नु | राज्यबाट पकेट क्षेत्रको अनिवार्य विस्तार गरिनु पर्ने |
| २ | परम्परागत मान्यतामा पशुपालन गरिन्छ | पशुपालन कार्यक्रमलाई व्यवसायिक बनाउन पर्याप्त बजेट व्यवस्था गर्ने |
| ३ | पशुपालनमा प्रशस्त आहाराको समस्या | पशुपन्छी आहार पूर्तिको लागि पालिकाबाट सम्बन्धित निकायसँग समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने |
| ४ | समुदायका कृषकहरुमा व्यक्तिगत सीपको अभाव | पशुपन्छीपालन कृषकहरुलाई जनचेतना मूलक कार्यक्रम, भ्रमण, पुरस्कार, प्रोत्साहान, बीमा, नश्ल सुधार जस्ता कार्यक्रमलाई तीब्रता दिनुपर्ने |
| ५ | पशुपालनमा व्यवस्थित खोर भकारो सुधार आदिको अभाव | पशुपन्छी विकासका लागि आवश्यक सेवा, सार्वजनिक सुनुवाई तथा कृषक परिचयपत्र राज्यबाट व्यवस्थापन गर्नुपर्ने |
| ६ | चरनको उपयुक्त व्यवस्थापन गर्न नसक्नु | उन्नत जातका घाँसको लागि व्यवस्थित नर्सरी गर्न अनुदानको व्यवस्था हुनुपर्ने |
| ७ | पशुपालन पर्याप्त प्राविधिक जनशक्ति र बजार अभाव | प्राविधिक व्यवस्थापन, उत्पादित वस्तुको मूल्य निर्धारण गरी बजार व्यवस्थापनमा सहयोग गर्नुपर्ने |
| ८ | दक्ष जनशक्ति निर्माण नहुनु | तालिम दिई, प्रत्येक पालिकामा दूध डेरिको स्थापनामा सहयोग गर्नुपर्ने |
| ९ | समयमा औषधि प्राप्त नहुनु | औषधि उपलब्धताका लागि पालिका स्तरीय एग्रोभेट तथा पालिका स्तरबाट औषधिको व्यवस्थापन गर्नुपर्ने |
| १० | संघीय सरकारबाट अनुदान रकम विनियोजनामा उपेक्षा गरिनु | रकम विनियोजन साथै उत्पादित वस्तुहरुको प्रविधि तथा सीप हस्तानतरण गरिनु पर्ने |
| ११ | व्यवस्थित वधशाला निर्माण नहुनु | व्यवस्थित वधशाला, एक वडा एक प्राविधिकको व्यवस्थापन हुनुपर्ने |
| १२ | स्थानीय सरकारले पशुपन्छी व्यवसायमा पर्याप्त बजेट विनियोजन नगर्नु | पर्याप्त बजेट सहित निरन्तर अनुगमन गरी दण्ड, सजाय र प्रोत्साहान हुनुपर्ने |

## प्रदेशस्तर अभिमुखीकरण कार्यक्रमहरु

२०७६/७/४ र ५ प्रदेशस्तर किसान संघ, संगठन र संजालहरुको अभिमुखीकरण कार्यक्रम प्रदेश ७, धनगढी, कैलालीमा कुल सहभागी ६४ मध्ये महिला १० र पुरुष ५४ जनाको उपस्थति रहेको उक्त कार्यक्रमको अध्यक्षता ४ र ५ गते क्रमशः आयोगका सदस्य श्री मिना तामाङ्ग र श्री बसन्ती घिमिरेबाट भएको थियो। यस आयोगबाट आ.व. २०७५/०७६ मा तयार पारिएको कृषि तथा पशुपन्छी विकासका नमुना कार्यक्रमहरु कार्यान्वयनका लागि हस्तान्तरण समेत गरिएको थियो।



२०७६/७/२२ र २३ प्रदेशस्तर किसान संघ, संगठन, संजालहरुको प्रदेश १, सुनसरी, तरहरामा संचालित अभिमुखीकरण कार्यक्रममा ७ महिला र ६८ पुरुष सहित जम्मा ७५ जनाको सहभागिता रहेकोमा आयोगका सदस्य श्री मिना तामाङ्गबाट अध्यक्षता गरिएको थियो। यस आयोगबाट आ.व. २०७५/०७६ मा तयार पारिएको कृषि तथा पशुपन्छी विकासका नमुना कार्यक्रमहरु कार्यान्वयनका लागि हस्तान्तरण गरिएको थियो।



## वार्षिक प्रगति समीक्षा कार्यक्रम



*(२०७६/६/१४ गते कृषि विभागको सभाहलमा आयोगको वार्षिक प्रगति समीक्षा कार्यक्रम)*

वार्षिक प्रगति समीक्षा कार्यक्रम आयोगका अध्यक्ष माननीय चित्र बहादुर श्रेष्ठको अध्यक्षतामा संचालन भएको थियो, सो अवसरमा जम्मा १४१ सहभागी मध्ये महिला ३२ तथा पुरुष १०९ रहनु भएको थियो। माननीय मन्त्रीज्यूबाट किसानको परिचय तथा वर्गीकरण कार्यमा जोड दिनु भएको थियो।



*(वार्षिक प्रगति समीक्षाको अवसरमा आयोगका अध्यक्ष माननीय चित्र बहादुर श्रेष्ठबाट माननीय मन्त्री चक्रपाणी खनाल, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई वार्षिक प्रगति प्रतिवेदन हस्तान्तरण गर्नुहुँदै।)*

❑ कविता

## देशका किसान

किसानको देश, भनि रहँदा अति हर्ष।
वितिसके उत्थान, निम्ति दशकौं वर्ष॥

नेता, व्यापारी र, कर्मचारीका साथमा।
अनुभूति नगण्य, लाग्यो शून्य हातमा॥

सार्वजनिक सेवामा, ब्याप्त भनसुन।
किसानलाई छैन, विकल्प मनसुन॥

देश हिमाल, पहाड, तराई आवद्ध।
निकाय छन् जत्ति नि, विकासमा सम्वद्ध॥

परनिर्भरता साथै, छ बढ्दो आयात।
सम्वृद्धि निम्ति दिगो, भरपर्दो निर्यात॥

जगाको अभाव र, भएका पनि टुक्रा।
बन्दैछन् लागतले, महल पनि झुप्रा॥

गरी खाने वर्गलाई, छ बढ्दो निराशा।
देशको किसानीमा, वर्षेनी जुवापासा॥

संघ, संगठन एवं, विज्ञ छन् पर्याप्त।
अनुदान सेवा भोगीहरु, छ्याप् छ्याप्त्॥

सबैका लागि सेवा, पाउने बनोस् नीति।
किसानलाई चिनारी, दिने बसोस रीति॥

*सम्पन्न कार्यक्रमहरुबाट शब्द संकलनः*
*डा. नन्द लाल वर्मा*

# कृषि क्षेत्र र जलवायु परिर्वतन

प्रकाश राज सिवाकोटी
पशु सेवा प्राविधिक

नेपालको कृषि क्षेत्र विशेष रुपमा मनसुनी वर्षामा निर्भर रहेको र जलवायू परिर्वतनका कारण हुने अतिवर्षा, आँधीबेरी, असिनापात, खडेरी, बाढी, तापलहर, शितलहर आदि जस्ता जलवायू जन्य प्रकोपबाट कृषि उत्पादनमा नकारात्मक असर परी खाद्य सुरक्षामा चुनौति सिर्जना भएको देखिन्छ। अन्तर्राष्ट्रियस्तरका अनुसन्धनात्मक संस्थाहरुले उल्लेख गरे अनुसार जलवायू परिवर्तनको नकारात्मक असर परिरहेका र पर्न सक्ने देशहरुको सूचीमा नेपाल चौथो स्थानमा पर्छ। मनसुनी हावापानीको प्रभावमा हुने अतिवृष्टि तथा अनावृष्टि, स्थिर भौगोलिक बनोट, विकासका पूर्वाधारहरुको कमी, कृषिमा निर्भर अर्थ व्यवस्था आदि कारणले गर्दा जलवायू परिर्वतनको सन्दर्भमा नेपाल बढी प्रभावित हुन पुगेको छ। जलवायु परिवर्तन नेपालको मात्र नभएर विश्वको नै समस्याको रुपमा देखा परिरहेको छ। औसत वायुमण्डलीय तापक्रम बढेको छ, पछिल्ला केही वर्षयता यसको निरन्तरता रहिरहने अपेक्षा छ। यदि औद्योगिक एवम् विकसित मुलुकहरूले हरितगृह ग्याँस उत्सर्जन वातावरणीय वायुमण्डलमा घटाउने प्रयास गरेनन् भने, झनै दुःखलाग्दो अवस्था सृजना हुनेछ। अतिकम विकासशील मूलुकहरू जसको यस ब्रम्हाण्डको तापक्रम न्यून गराउनमा ठुलो योगदान रहे पनि, ती मूलुकहरू नै जलवायु परिवर्तनबाट उत्पन्न हुने दुष्प्रभावको बढी जोखिममा छन्।

खासगरी कृषि तथा पशुपन्छीहरुमा नयाँ रोगव्याधीहरू जुन बढ्दो तापक्रमका कारण सतहमा देखिन्छन्। विश्वव्यापी रुपमा तथा जलवायुमा हुने परिवर्तनका कारण मौसमी परिवर्तन भइ नयाँ तथा नियन्त्रणमा आइसकेका रोगहरुको पुनः प्रकोपले कृषि तथा पशुपन्छीहरुको उत्पादन तथा उत्पादकत्वमा नकरात्मक प्रभाव पार्छ। जलवायु परिवर्तनले प्राकृतिक पर्यावरण प्रणालीलाई असर पारी सङ्क्रामक रोगहरूका कारक तत्वहरू जस्तैः ब्याक्टेरिया, भाइरस, ढुसी, परजीवीहरूका लागि उपयुक्त वातावरण सिर्जना गर्नुका साथै यिनीहरूलाई नयाँ क्षेत्रहरूमा विस्तारित हुन सघाउँछ। जहाँ यिनीहरूले वन्यजन्तु र घरपालुवा पशुपन्छी लगायत मानव जनसमुदायको स्वास्थ्यमा नकरात्मक असर पारेको पाइन्छ, यसका साथै जुनोटिक रोगहरू स्थान विशेष तथा प्रजाति विशेषमा प्राकृतिक रूपमा देखिने प्रवृत्तिको पनि वृद्धि भएको छ। कुनै प्रकारले पर्यावरणीय परिवर्तन तथा जलवायुजन्य वा मौसमी घटनाहरूले यी रोगलाई महामारीको रूपमा अन्य आश्रयदाता तथा भौगोलिक क्षेत्रमा विस्तारित हुन सघाउँछ।

जलवायु परिवर्तनको असर हिमालयन क्षेत्रमा परी समुद्र सतहका जीवजन्तुहरु प्रभावित भएको पाइन्छ। धनी मूलुकको स्वार्थको असर गरिब मूलुकले व्यहोर्नु परेको छ। त्यस कारण गरिब मुलुकले जलवायु परिवर्तनमा असरपुग्ने, कुनै गतिविधि नगरे पनि यसको चर्को मूल्य भने चुकाउनु परेको छ। जलवायु परिवर्तनको विरुद्ध हाम्रो नीतिमा वायुमण्डलमा कार्बनडाईअक्साइडको मात्रा जति थपि रहेको छ, त्यसलाई कसरी घटाउन सकिन्छ भन्नेमा केन्द्रित हुनुपर्ने हुन्छ। जुन हामी कोइला, पेट्रोल, डिजेल तथा प्राकृतिक ग्यास बालेर वायुमण्डलमा दैनिक रूपमा थपिराखेका छौं। अब हामी एकजुट भई विश्वव्यापी तापक्रम वृद्धि विरुद्ध लाग्नुपर्नेछ। अनि मात्र हामी स्वच्छ वातावरणमा सबैखाले जीवजन्तु, बोटबिरुवा तथा जनस्वास्थ्यको सुरक्षाको अनुभूति गर्न पाउनेछौं।


**संरक्षक**
माननीय चित्र बहादुर श्रेष्ठ, अध्यक्ष, राष्ट्रिय किसान आयोग

**सम्पादक मण्डल**

| | | |
|---|---|---|
| संयोजक | - डा. तेज बहादुर रिजाल | सदस्य सचिव, राष्ट्रिय किसान आयोग |
| सदस्य | - श्री किशोर विष्ट | ब.कृ.अ.वि., राष्ट्रिय किसान आयोग |
| सदस्य | - डा. नन्द लाल वर्मा | ब.प.वि.अ., राष्ट्रिय किसान आयोग |
| सदस्य | - श्री प्रकाश राज सिवाकोटी | प.से.प्रा., राष्ट्रिय किसान आयोग |
| सदस्य | - श्री सरला कार्की | कम्प्यूटर अपरेटर, राष्ट्रिय किसान आयोग |



नेपाल सरकार
**राष्ट्रिय किसान आयोग**
हरिहरभवन, ललितपुर
Phone no. : 5521145, 5520085
Email: nfcnepal2017@gmail.com
Website: w.w.w.nfc.gov.np


श्री ..............................................................
..............................................................
..............................................................
..............................................................